**कोरोना भाइरससम्बन्धी प्रदेश २ अवस्था**
**धनुषा। ०७७ वैशाख २४ गते**

प्रदेश २ अन्तर्गत पर्सा जिल्लामा सात महिला र १० पुरुष गरी १७ जनामा वैशाख २४ गते कोरोना पुष्टि भएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डाक्टर विकास देवकोटाले जानकारी दिनु भयो। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा गरिएको पीसीआर परीक्षणमा दुई महिनादेखि ६६ वर्ष उमेर समूहका १७ जनामा कोरोना पुष्टि भएको छ। यो सँगै प्रदेश २ मा कोरोना सङ्क्रमितको सङ्ख्या ३० पुगेको छ।

प्रदेशमा वैशाख २४ गतेसम्म कोरोना भाइरसका शङ्कास्पद २ हजार ६ सय ६१ जनाको स्वाब सङ्कलन गरिएकोमा २ हजार ३ सय ४६ जनाको रिपोर्ट नेगेटिभ आएको सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले जानकारी दिनु भयो। ३ सय २ जनाको रिपोर्ट आउन बाँकी रहेको छ। त्यसैगरी, वैशाख २४ गतेसम्म आरडीटी किटबाट परीक्षण ५ हजार ३ सय ४८ जनाको गरिएकोमा ५ हजार ३ सय ३८ जनाको रिपोर्ट नेगेटिभ आएको छ भने १० जनाको रिपोर्ट पोजेटिभ आएको छ। प्रदेशमा वैशाख २४ गतेसम्म १ हजार ३ सय १४ जना क्वारेन्टाइनमा रहेका छन् भने ४ हजार ३ सय ३२ जना होमक्वारेन्टाइनमा रहेका छन्। कोरोना आशङ्का गरिएका ३० जना बिरामी आइसोलेशन वार्डमा उपचारार्थ छन्।

कोरोना भाइरसको महामारीलाई दृष्टिगत गरी जारी लकडाउनको अवस्थामा ज्यालादारी गर्ने मजदुर, श्रमिक, गरिब तथा आर्थिक रूपमा विपन्न किसानलाई हातमुख जोड्न समस्या नहोस् भनेर प्रदेश सरकारले दोस्रो चरणको राहत वितरण गर्ने निर्णय गरेको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. २ का मन्त्री रामनरेश रायले बताउनु भयो। राहत सामग्रीमा २५ किलो सोना मंसुली चामल, मसुरोको दुई किलो दाल, तोरी वा सरस्यूँको एक लिटर खाने तेल, आयोडिन युक्त एक किलो नुन, सोयाविन आधा किलो र हात धुने ७५ ग्रामको एक थान साबुन रहेको छ। एक हप्तासम्ममा जिल्लाका सबै स्थानीय तहमा राहत सामग्री पुऱ्याएर वडा अध्यक्षलाई सुम्पिने कार्यक्रम रहेको घरेलु तथा साना उद्योग कार्यालयका कर्मचारी जितेन्द्र प्रसाद सिंहले जानकारी दिनु भयो।

लकडाउनका कारण नेपाल-भारत सीमाक्षेत्र जयनगरमा आएर सिरहाका ३१ जना मजदुरहरू रोकिएपछि घर फर्किन जनप्रतिनिधिदेखि अभियानकर्मीलाई सहयोग माग गरिरहेका छन्। भारत उत्तर प्रदेश राज्यमा मजदुरी गर्दै आएका उनीहरू १५ दिन पैदल हिँडेर जयनगरसम्म वैशाख २३ गते आइपुगेका थिए। सिरहाका प्रमुख जिल्ला अधिकारी सरोज गुरागाइँले केन्द्रकै निर्देशन अनुसार भारतमा रहेका नेपालीहरूलाई भारतमै व्यवस्थापन गर्ने र नेपालमा रहेका भारतीयहरूलाई नेपालमै व्यवस्थापन गर्ने निर्देशन भएको हुँदा उनीहरूलाई नेपाल प्रवेश गर्न रोक लगाइएको बताउनु भयो।

लकडाउनका कारण प्रभावित गरिब, विपन्न श्रमिक वर्ग असहायहरूलाई सङ्घीय सरकार तथा प्रदेश सरकारको मापदण्ड अनुसारको राहत वितरण नभएको भन्दै मानव अधिकारकर्मी विनोद महरा र अधिवक्ता भोगेन्द्र यादवले वैशाख २४ गते उच्च अदालत जनकपुरमा रिट दायर गरेका छन्। रिट दायर भएपछि वैशाख २४ गते नै उच्च अदालत जनकपुरले सो सम्बन्धमा परमादेश प्रतिषेध जारी गरेको छ। रिटमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश २, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिल्ला प्रशासन कार्यालय धनुषा, राष्ट्रिय मानव अधिकार आयोग प्रादेशिक कार्यालय जनकपुर, जनकपुरधाम उपमहानगरपालिका, धनुषाका सबैला नगरपालिका, कमला नगरपालिका, मिथिला बिहारी नगरपालिका, धनौजी गाउँपालिका, नगराईन नगरपालिकालाई विपक्षी बनाइ मुद्दा दायर गरिएको थियो। उक्त मुद्दामा न्यायाधिश राजेश्वर तिवारीको एकल इजलाशले कोरोना नियन्त्रण, राहत वितरण सम्बन्धमा नेपाल सरकारले तय गरेको नीति, निर्देशन र मापदण्ड बमोजिमको कार्य गर्नु

गराउनु भनी विपक्षीहरूको नाममा वैशाख २४ गते परमादेश प्रतिषेध जारी गरेको छ । रिटमाथि निवेदकको तर्फबाट अधिवक्ताद्वय विपिन कुमार झा र राजकुमार महासेठले बहस गर्नु भएको थियो ।
ग्रामीण विकास केन्द्र नेपाल र इस्लामिक रिलिफ नेपालको सहयोग तथा रौतहटको परोहा नगरपालिकाको सहकार्यमा परोहा नपाको वडा-३, ४ र ५ तेजापाकड र रामनगरमा ४ सय १ परिवारलाई राहत स्वरुप प्रति प्याकेट ३० किलो चामल, दुई किलो दाल, दुई लिटर तेल, दुई किलो चिनी, नुन र ४ ओटा साबुन उपलब्ध गराइएको छ ।
बाराको जितपुरसिमरा उपमहानगरपालिकामा सञ्चालन भएको कोरोना विशेष अस्थायी अस्पताललाई स्तर उन्नत गरी प्रदेश स्तरीय क्वारेन्टाइन तथा आइसोलेशन सञ्चालन गर्ने निर्णय गरिएको छ । प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डित, एसपी कृष्णप्रसाद पङ्गेनी, सशस्त्र प्रहरी एसपी दिगविजय सुवेदी लगायत सुरक्षा निकायका प्रमुखहरू र राजनीतिक दलका नेताको सर्वपक्षीय बैठकले ५० शैयाको क्वारेन्टाइन र २६ शैयाको आइसोलेशन वार्डलाई स्तर उन्नति गरेर ४ सय शैयाको क्वारेन्टाइन र पथलैया स्थित क्षेत्रीय तालिम केन्द्रमा १ सय शैयाको आइसोलेशन वार्ड सञ्चालन गर्ने निर्णय वैशाख २४ गते भएको नगर प्रमुख कृष्ण पौडेलले बताउनु भयो ।
कोभिड १९ को सन्दर्भमा सिरहा जिल्लामा गठित मानव अधिकार अवस्था अनुगमन समितिमा इन्सेक प्रतिनिधि दुर्गा परियार र ओरेककी देवकुमारी महरालाई वैशाख २४ गते सदस्यमा मनोनित गरेको समितिका संयोजक दिनेश्वरप्रसाद गुप्ताले बताउनु भयो ।
पर्साको बीरगंजमा एकै परिवारका १७ जनामा कोरोना भाइरसको सङ्क्रमण देखा परेपछिको अवस्थामा चाल्नु पर्ने कदमका विषयमा पर्साका प्रमुख जिल्ला अधिकारी बिष्णुप्रसाद कार्कीको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको वैशाख २४ गतेको बैठकले छपकैया क्षेत्रलाई शिल गर्ने निर्णय गरेको छ ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेल**का अनुसार रेड जोनमा परेको सप्तरीमा वैशाख २४ गते पुनः नेपाली सेनालाई सडकमा परिचालन गरिएपछि अन्य दिनभन्दा सडक सुनसान रहेको छ । सडकमा दिनभरी नेपाली सेना तैनाथ रहे भने सशस्त्र प्रहरीले गस्ती गर्‍यो । घरको छतमाथि लुगा सुकाउन र घाम ताप्न गएका महिलाहरूलाई समेत सेनाहरूले गाली गरेर कोठाभित्र बस्न लगाएको राजविराज नपा-६ की रञ्जना साहले गुनासो गर्नु भयो । सञ्चारकर्मीहरूलाई फोटो लिन समेत सेनाहरूले दिएनन् ।
सुरूङ्गा नपा-४ मा वैशाख २४ गते फ्रिडम फण्डको सहयोगमा जनचेतना दलित संगम सप्तरीले २ सय घर परिवारलाई राहत वितरण गरेको छ । लकडाउनको ४४ दिन भइसक्दा समेत बलान बिहुल गाउँपालिकाले गरिब, विपन्न दैनिक ज्यालादारी मजदुरहरूका लागि राहत वितरण गर्न सकेका छैनन् । गाउँपालिका अध्यक्ष दायानन्द गोइत र उपाध्यक्ष रूबी गुप्ताबीच फेसबुकमार्फत आरोप प्रत्यारोप भइरहेको छ ।
राहत वितरण लगायत कोरोना सङ्क्रमण रोकथाम र नियन्त्रणमा सम्पूर्ण ध्यान केन्द्रीत गर्नुपर्ने बेलामा अध्यक्ष र उपाध्यक्षले आपसमा टिका टिप्पणीमा अल्मलिँदा राहतको आशमा बसेका विपन्न वर्ग सास्ती भोग्न वाध्य भएको स्थानीय अशोक यादवले बताउनु भयो ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियार**का अनुसार कोभिड १९ को सन्दर्भमा सिरहामा गठित मानव अधिकार अवस्था अनुगमन समितिमा इन्सेक प्रतिनिधि दुर्गा परियार र ओरेककी देवकुमारी महरालाई वैशाख २४ गते सदस्यमा मनोनित गरेको समितिका संयोजक दिनेश्वरप्रसाद गुप्ताले बताउनु भएको छ ।

वैशाख १५ गते नेपाल पत्रकार महासंघ सिरहाका सभापति दिनेश्वरप्रसाद गुप्ताको संयोजकत्वमा नेपाल बार सिरहाका अध्यक्ष बिरेन्द्रकुमार सिहं र गैरसरकारी संस्था महासंघ सिरहाका अध्यक्ष गोबिन्दराज बिष्ट सदस्य हुने गरी समिति गठन भएको थियो ।
कोभिड १९ को अवस्थाले जिल्लामा देखिएको समस्याहरूले मानव अधिकारको अवस्थामा पुऱ्याएको असरको अनुगमन गर्न जिल्लामा मानव अधिकारको क्षेत्रमा कृयाशिल इन्सेक र ओरेकका प्रतिनिधिहरूलाई मनोनित गरेको संयोजक दिनेश्वरप्रसाद गुरप्ताले बताउनु भयो ।
कडाउनका कारण नेपाल-भारत सीमाक्षेत्र जयनगरमा आएर सिरहाका ३१ जना मजदुर रोकिएका छन् । उत्तरप्रदेश राज्यमा मजदुरी गर्दै आएका उहाँहरू १५ दिन पैदल हिँडेर जयनगरसम्म वैशाख २३ गते आइपुगेका हुन् ।
भारतको उत्तर प्रदेश राज्यको काशीगञ्जबाट पैदल हिँडेर जयनगर आइपुगेका उहाँहरूलाई नेपाल भारत सीमामा तैनाथ नेपाली सुरक्षाकर्मीले प्रवेशमा रोक लगाएको छ । सीमामा प्रवेश नपाएपछि उहाँहरू फर्केर जयनगरमा रोकिएका छन् ।
सिरहाका प्रमुख जिल्ला अधिकारी सरोज गुरागाइले केन्द्रकै निर्देशन अनुसार भारतमा रहेका नेपालीहरूलाई भारतमै व्यवस्थापन गर्ने र नेपालमा रहेका भारतीयहरूलाई नेपालमै व्यवस्थापन गर्ने निर्देशन भएको हुँदा उहाँहरूलाई नेपाल प्रवेश गर्न रोक लगाइएको बताउनु भयो । अर्को निर्देशन नआएसम्म भारतकै क्वारेन्टाइनमा बसेर सहयोग पुऱ्याउन प्रमुख जिल्ला अधिकारी गुरागाइँले बताउनु भयो ।
लाहान सिटी जेसिजले लकडाउनको मारमा परेकाहरूको लागि ४१ हजार ९ सय रुपियाँ सहयोग गरेका छन् । लाहान नगरपालिकाले खडा गरेको राहत कोषमा जेसिआई लाहानले वैशाख २४ गते उक्त रकम जम्मा गरेका हुन् । जेसिआई २०२० लाहानका अध्यक्ष वसन्त साहले दिनु भएको जानकारी अनुसार उक्त रकम बराबरको बैंक चेक लाहान नगरपालिकाका प्रमुख मुनि साहलाई हस्तान्तरण गरिएको हो ।

**इन्सेक महोत्तरी जिल्ला प्रतिनिधि अजयकुमार साह**का अनुसार लकडाउनका कारण प्रभावित गरिब, अति विपन्न, श्रमिक वर्ग, असहाय लगायतलाई सङ्घीय सरकार तथा प्रदेश सरकारको मापदण्ड अनुसारको राहत वितरण नभएको भन्दै अधिवक्ता भोगेन्द्र यादव र मानव अधिकारकर्मी बिनोद महराले वैशाख २४ गते उच्च अदालत जनकपुरमा रिट दायर गर्नु भएको छ । रिट दायर भएपछि वैशाख २४ गते नै उच्च अदालत जनकपुरले सो सम्बन्धमा परमादेश प्रतिषेध जारी गरेको छ ।
रिटमा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय प्रदेश २, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, जिल्ला प्रशासन कार्यालय धनुषा, राष्ट्रिय मानव अधिकार आयोग प्रादेशिक कार्यालय जनकपुर, जनकपुरधाम उपमहानगरपालिका, धनुषाका सबैला नगरपालिका, कमला नगरपालिका, मिथिला बिहारी नगरपालिका, धनौजी गाउँपालिका, नगराइन नगरपालिकालाई विपक्षी बनाई मुद्दा दायर गरिएको छ ।
उक्त मुद्दामा न्यायाधिश राजेश्वर तिवारीको एकल ईजलाशबाट कोरोना नियन्त्रण, राहत वितरण सम्बन्धमा नेपाल सरकारले तय गरेको नीति निर्देशन र मापदण्ड बमोजिमको कार्य गर्नु गराउनु भनि विपक्षीहरूको नाममा वैसाख २४ गते परमादेश प्रतिषेध जारी भएको छ । रिट निवेदकको तर्फबाट अधिवक्ताद्वय विपिन कुमार झा र राजकुमार महासेठले बहास गर्नु भएको थियो ।
कोरोना भाइरस (कोभिड-१९) फैलिन नदिन नेपाल सरकारले चैत ११ गतेदेखि मुलुक लकडाउन गरेपछि सङ्घीय सरकारले चैत १९ गते गरिब विपन्न श्रमिक वर्गलाई राहत उपलब्ध गराउने निर्णय गरेको थियो । सङ्घीय सरकारले उपलब्ध गराउने राहतमा चामल ३० किलो, दाल तीन किलो, नुन

तीन प्याकेट, साबुन चार ओटा, खाने तेल दुई लिटर, चिनी दुई किलो लगायतको खाद्य सामग्री उपलब्ध गराउने निर्णय गरेको थियो ।
सोही अनुसार प्रदेश २ सरकारले पनि गरिब विपन्न श्रमिक वर्गलाई सङ्घीय सरकारकै मापदण्ड बमोजिम राहत वितरण गर्ने निर्णय गरेको थियो । तर, स्थानीयतहरूले सरकारको मापदण्ड अनुसारको राहत नबाँडेको र बाँडेकोमा पनि कमी भएको, कुहिएको चामल, दाल लगायतका राहत सामग्री वितरण गरिरहेको हुनाले त्यसको प्रभावकारी अनुगमन संयन्त्र निर्माण गर्न र यस्ता कार्यमा संलग्न जनप्रतिनिधि, कर्मचारी वा अन्य जोसुकै भएपनि कानुन बमोजिम कारवाही गर्न रिटमा माग गरिएको छ ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दीपेन्द्रप्रसाद सिंह**का अनुसार प्रदेश २ सरकारले दोस्रो चरण अन्तर्गत राहत वितरण कार्य वैशाख २४ गतेदेखि जनकपुरधामबाट सुरू गरेको छ । घरेलु तथा साना उद्योग कार्यालय धनुषाद्वारा जनकपुरधाम उमनपा-७ मा आयोजित एक समारोहका बिच उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश २ का मन्त्री रामनरेश रायले उद्घाटन गरेपछि राहत वितरण कार्य सुरू भएको हो ।
धनुषाका सबै पालिकाका १ सय ६९ ओटा वडाहरूमा गरी १० हजार २ सय ४९ जनालाई राहत वितरण गरिने घरेलु तथा साना उद्योग कार्यालय धनुषाका कार्यालय प्रमुख संजिप दुब्बेले जानकारी दिनु भयो ।
कोरोना भाइरस सङ्क्रमण प्रभावित मजदुर, श्रमिक, गरिब तथा आर्थिक रूपमा विपन्न किसानलाई पहिलो प्राथमिकतामा राखी प्रदेश २ सरकारले विशेष परिस्थिति भनि ०७६ चैत १६ गते प्रदेश मन्त्रिपरिषदले घरेलु प्रदेशका आठ ओटै घरेलु तथा साना उद्योग कार्यालयहरूलाई खरिद प्रक्रियाद्वारा राहत वितरण गर्ने जिम्मेवारी दिएको थियो ।
लकडाउनको अवस्थामा ज्यालादारी गर्ने मजदुर, श्रमिक, गरिव तथा आर्थिक रूपमा विपन्न किसानलाई हातमुख जोडन समस्या नहोस भनेर प्रदेश सरकारले दोस्रो चरणको राहत वितरण गर्ने निर्णय गरेको उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश २ का मन्त्री रामनरेश रायले बताउनु भयो ।
राहत सामग्रीमा २५ किलो सोना मंसुली चामल, मसुरोको दुई किलो दाल, तोरी वा सरसोको एक लिटर खाने तेल, आयोडिनयुक्त एक किलो नुन, सोयाबिन आधा किलो र हात धुने ७५ ग्रामको एक थान साबुन रहेको छ । एक हप्तासम्ममा जिल्लाका सबै स्थानीय तहहरूमा राहत सामग्री पुऱ्याएर वडा अध्यक्षलाई सुम्पिने कार्यक्रम रहेको घरेलु तथा साना उद्योग कार्यालयका कर्मचारी जितेन्द्रप्रसाद सिंहले जानकारी दिनु भयो ।
उद्घाटन कार्यक्रममा उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश २ राज्यमन्त्री सुरेश मण्डल, प्रदेश सांसद परमेश्वर साह, उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश २ का निमित्त सचिव जगरनाथप्रसाद जयसवाल, प्रमुख जिल्ला अधिकारी कोषहरू निरौला, जनकपुरधाम उमनपाकी उपप्रमुख रिता झा, जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एसपी रमेशकुमार बस्नेत, सशस्त्र प्रहरी एसपी राजेश उप्रेती, जनकपुरधाम उमनपा-७ का अध्यक्ष जानकी रमण साह लगायत सञ्चारकर्मीको उपस्थिति थियो ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि बुधन साह**का अनुसार बरहथवा नपा-१८ मा रहेको बाल विकास नेपालले गरिब तथा विपन्न नागरिकहरूलाई राहत वितरण गरेको छ । एड एट एक्सन, काठमाडौंको सहकार्यमा बाल विकास नेपालले चार स्थानीय तह गरी हालसम्म १ हजार अति विपन्न तथा दलित

परिवारलाई राहत वितरण गरेको चन्द्रनगर गाउँपालिका-१ का स्थानीय विन्देश्वर महराले जानकारी दिनु भयो ।
बाल विकास नेपालले हालसम्म विष्णु गाउँपालिकामा ३ सय ५० बोरा चामल र हात धुने साबुन २ हजार १ सय ६० पिस वितरण गरेकोमा प्रति व्यक्ति २५ किलोका दरले चामल वितरण गरेको छ ।
कौडेना गाँउपालिकामा ५० बोरा चामल र हात धुने साबुन २ हजार १ सय ६० पिस, बरहथवा नगरपालिकामा ५० बोरा चामल र हात धुने साबुन २ हजार १ सय ६० पिस तथा चन्द्रनगर गाउँपालिका वडा नं. १ मा चामल ३० किलोको दरले वितरण गरेको छ र हालसम्म २५ क्वीन्टल चामल बाँडिसकेको बालविकास नेपालका अध्यक्ष बिरेन्द्र रायले जानकारी दिनु भयो ।
सर्लाही जिल्लाका विपद व्यवस्थापन समितिलाई ह्यण्ड ग्लोब १ सय थान, सेनिटाइजर ९६ बोटल, मेडिकल मास्क ३ सय ५० थान, लोकल मास्क १ हजार १ सय ५० थान र हात धुने साबुन २ सय ८८ पिस प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीलाई हस्तान्तरण गरिएको बाल विकास नेपालका सचिव सुनिल साहले जानकारी दिनु भयो ।
त्यसैगरी, हरिपुर नगरपालिकामा एक नीजि विद्यालयले लकडाउनबाट प्रभावित अति विपन्न दलित बस्तीहरूको परिवारहरूलाई राहत वितरण गरेको छ । हरिपुर नपा-५ स्थित लक्ष्मीपुरमा रहेको इनोभेटिभ एकेडेमी ०७७ वैशाख २३ गते हरिपुर नगरपालिका भित्रमा २ सय मुसहर तथा चमार परिवारलाई राहत स्वरूप खद्यान्न वितरण गरेको छ ।
लकडाउन गरिएपछि हरिपुर नगरपालिका वडा नं. ३, ४ र ६ का मुसहर तथा चमार परिवारहरूका लागी इनोभेटिभ एकेडेमीले प्रति परिवार २५ किलो चामल, दुई किलो दाल, एक किलो नुन, एक लिटर खाने तेल वितरण गरेको हरिपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत उदयप्रसाद देवकोटाले जानकारी दिनु भयो ।
राहत वितरण कार्यक्रममा हरिपुर नगरपालिकाका नगर प्रमुख जमिरूदिन मंसुर, इनोभेटिभ एकेडेमीका प्रधानाध्यापक अमृत चौधरी लगायत वडा नं. ३, ४ र ६ का वडा अध्यक्षहरूको सहभागिता रहेको हरिपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत देवकोटाले जानकारी दिनु भयो ।
यसअघि हरिपुर नगरपालिकाले पनि पहिलो चरणको राहत वितरण गरिसकेको र छुट भएका परिवारहरूलाई पनि दोश्रो चरणको राहतमा समेटिने गरि हरिपुर नगरपालिकाका नगर प्रमुख जमिरूदिन मंसुरले जानकारी दिनु भयो ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिना**का अनुसार कोरोना सङ्क्रमणबाट जोगाउन लामो समयदेखि सरकारले लकडाउन गरेको कारण खाद्यान्न सङ्कट उत्पन्न भएका अति विपन्न परिवारलाई राहत वितरण गरिएको छ ।
ग्रामीण विकास केन्द्र (आर.डी.सी) नेपाल र इस्लामिक रिलिफ नेपालको सहयोग तथा परोहा नगरपालिकाको सहकार्यमा नगरपालिकाको विभिन्न वडाका अति विपन्न ४ सय १ परिवारलाई खाद्यान्न सहितको राहत वितरण गरिएको आरडीसी नेपालका अध्यक्ष पारस हुसैनले बताउनु भयो । अध्यक्ष हुसैनका अनुसार परोहा नगरपालिकाको वडा नं. ३, ४ र ५ तेजापाकड र रामनगरमा ४ सय १ परिवारलाई राहत स्वरूप प्रति प्याकेजमा ३० किलो चामल, दुई किलो दाल, दुई लिटर तेल, दुई किलो चिनी, नुन र चार ओटा साबुन उपलब्ध गराइएको छ ।
राहत वितरणको समय सामाजिक दुरीको व्यवस्था सहित परोहा नगरपालिकाका नगर प्रमुख शेख वकिलको उपस्थितिमा गरिएको थियो ।

रौतहटको चन्द्रपुर नपा–८ मा बस्ने महिलाहरूको एक समूहले पटुकी कृषि महिला समूह गठन गरेका छन् । विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरसको कारण यो लक डाउन लम्बिदै जादा धेरैको रोजगार गुमेको छ यो अवस्थामा सामूहिक कृषि खेतिले दैनिकी जीवन चलाउन सहज हुने सदस्य सुमन राउतले बताउनु भयो ।

चन्द्रपुर नपा–८ मरधरका हरिबहादुर सापकोटाले उपलब्ध गराएको जमिनमा उहाँहरूले तरकारी खेती गर्नुका साथै चैते धान खेती गरेका छन् । मरधर सिमसार क्षेत्रमा रहेको १० कठ्ठा जमिनमा उहाँहरूले भिन्डि र २ विघा खेतमा चैते धानबाट सुरूवात गरेका छन् । यस समूहमा जम्मा १६ जना सदस्य रहेका छन् । समूहले जीविकोपार्जन र आयआर्जनको लागि सामूहिक खेती गरिएको समूहकी अध्यक्ष विधा सापकोटाले बताउनु भयो । घरधन्दा गरेर बाँकी रहेको समयको सदुपयोग गरेर घरको आर्थिक पाटोमा सघाउने लक्ष्यका साथ सामूहिक कृषि खेती गरेको समूहकी सचिव शोभा गिरीले बताउनु भयो ।

त्यसैगरी, लकडाउन पूर्णरूपमा पालना गराउन रौतहटको गुजरा नपा-९ मा मुल समिति गठन गरिएको छ । लकडाउनलाई थप प्रभावकारी बनाउन दुलारचन साहको अध्यक्षतामा ११ सदस्यसहीतको मूल समिति गठन गरिएको हो । गुजरा नपा-९ मा बाहिरबाट मानिसलाई आउन नदिन र लकडाउन पालना गराउन युवाहरू समेत सकृय भएका छन् ।

वडा अध्यक्ष दिपेन्द्र पनुहरको अगुवाइमा लकडाउनको बेला सामाजिक दुरी कायम गरी सिमराभवानीपुर बजार बिहान ६ बजेदेखि ९ बजेसम्म मात्र खोल्न पाउने निर्देशन दिएको छ । निर्देशन विपरीत गर्नेलाई ५ हजार रुपियाँ जरिवाना गरीने वडा अध्यक्ष दिपेन्द्र पनुहरले जानकारी दिनु भयो ।

विभिन्न बहानामा दैनिक दर्जनौं भारतीय नागरीक गाउँसम्म आउ-जाउ गर्दा रौतहटको दक्षिणी भेग नरकटियाका बासिन्दा आतंकित बनेका छन् ।

अहिले नेपाल प्रहरी र सशस्त्र प्रहरीको सिमाक्षेत्रमा तैनाथी बढेको छ । तरपनि विभिन्न बहाना बनाएर लकडाउनकै अवधिमा भारतीय नागरिक रौतहटको सीमावर्ती गाउँ परोहा नपा-८ नरकटियामा आउने जाने गरेको कारण कोरोनाको जोखिम बढेको छ । भारतिय सीमानासँग जोडिएको नरकटिया गाउँदेखि मात्र एक किलोमिटर दुरीमा रहेको भारतीय गाउँबाट दैनिक दर्जनौं भारतीय आउजाउ गरिरहको स्थानीय बताउँछन् ।

रौतहटमा तीन जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएसँगै जिल्ला कोरोना भाइरसको उच्च जोखिममा रहेको छ । भारतीय गाउँ खर्सलवाबाट खेतबारी हेर्ने बहानामा आउने गरेको र बोरामा राखेर विभिन्न हरिया तरकारीको साथै अन्य सामान पनि ल्याएर नरकटिया गाउँमा पुऱ्याउने गरेको प्रत्यक्षदर्शी छोटेलाल बैंठाले बताउनु भयो ।

प्रहरीचौकी नरकटियाका असई उपेन्द्र मण्डलले भारतीयहरूको आउजाउबारे आफुलाई जानकारी नभएपनि यस्तो खबर आउँदा सीमाक्षेत्रको थप निगरानी गर्ने जानकारी दिनु भयो । रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले सीमाक्षेत्रको गतिविधि नियन्त्रण गर्न अविलम्ब प्रहरीलाई निर्देशन दिने जानकारी दिनु भयो ।

.वृन्द्रावन नपा-१ बैराठपुरका ७० वर्षीय चलितर राम लकडाउनका कारण ४४ दिनदेखि घरमै बस्दै आएका छन् । चलितर रामले दैनिक ज्यालादारी गरेर घर परिवारालाई चलाउँदै आएका छन् तर लकडाउनका कारण रामले कतै काम गर्न जान सकेको छैनन् । रामले वृन्द्रावन नगरपालिकाद्वारा वितरण गरिएको पहिलो चरणको राहत त पाउनु भयो तर सो राहत सकेपछि उहाँलाई हातमुख जोड्न समस्या भएकै बेला स्वास्थ्य अवस्था प्रतिकुल हुन थालेको छ ।

रामले पहिला ज्यालादारी गरेर जोगाएको अलिअलि पैसापनि उपचारमा खर्च गरेपनि निको नभएपछि भोकमरीको पीडामा झन् पीडा थपिएको चलितर रामले बताउनु भयो । ढाडको पीडा सहन नसकने भएपछि वडा कार्यालयबाट सिफारिस लेखाएर गाउँ गाउँमा चन्दा उठाउने तयारीमा जुटेको रामले बताउनु भयो ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेल**का अनुसार जितपुरसिमरा उपमहानगरपालिकामा सञ्चालन भएको कोरोना विशेष अस्थायी अस्पताललाई स्तरोन्नती गरी प्रदेश स्तरीय क्वारेन्टाइन तथा आइसोलेशन सञ्चालन गर्ने निर्णय भएको प्रमुख जिल्ला अधिकारी रूद्रप्रसाद पण्डितले बताउनु भएको छ । अध्ययन र सल्लाह गर्दा सिमराको अस्थायी अस्पताललाई स्तरोन्नती गर्न उपयुक्त भएको पण्डितले बताउनु भयो । पर्सा, बारा र रौतहटका नागरिकलाई क्वारेन्टाइन, आइसोलेशनमा राखेर पीसीआर परीक्षण गर्ने अठोट रहेकाले प्रदेश सरकारले स्वीकृत गरी सहयोग गर्ने विश्वास रहेको पण्डितले बताउनु भयो ।
प्रमुख जिल्ला अधिकारी पण्डित, एसपी कृष्णप्रसाद पंगेनी, सशस्त्र प्रहरी एसपी दिग बिजय सुवेदी लगायत सुरक्षा निकायका प्रमुखहरू र राजनीतिक दलका नेतागणको सर्वपक्षीय बैठकले ५० शैयाको क्वारेन्टाइन र २६ शैयाको आइसोलेशन वार्डलाई स्तरोन्नती गरेर ४ सय शैयाको क्वारेन्टाइन र पथलैया स्थित क्षेत्रिय तालिम केन्द्रमा १ सय शैयाको आइसोलेशन वार्ड सञ्चालन गर्ने निर्णय वैशाख २४ गते भएको नगर प्रमुख कृष्ण पौडेलले बताउनु भयो ।
हावाहुरी सँगै वैशाख ५ गते परेको असिनाले जितपुरसिमरा उमनपा-१५ औराहामा भएको मकैको क्षति स्थानीय सरकारले वास्ता नगरेको र अनुगमन पनि नभएको धर्मेन्द्रप्रसाद चौधरीले बताउनु भयो । चौधरीले वैशाख ६ गते वडा कर्यालय र नगरपालिकाको कार्यालयमा उजुरी दिनु भएको छ ।
वडा अध्यक्ष र नगर प्रमुखलाई औराहा क्षेत्रमा ५० बिगहा जग्गामा लगाएको मकैमा क्षति भएको बताउँदा कुनै वास्ता नगरेको आरोप चौधरीले लगाउनु भएको छ । मकै बालीमा भएको क्षतिको अनुगमन गर्नका लागि वडा कार्यालयमा निवेदन दिएपनि अनुगमन नभएको किसान चौधरीले गुनासो गर्नु भयो । लकडाउन भइरहेको अवस्थामा हावाहुरी र असिनाले मकै नष्ट गर्दा जनप्रतिनिधिले अनुगमन गर्न पनि अस्वीकार गरेकाले किसान निरास भएको चौधरीले बताउनु भयो ।
लकडाउनको पालना र कोरोनाको रोकथामा व्यस्त भएकाले निरीक्षण गर्न जान नसकेर गुनासो आएकाले समय मिलाएर वडा अध्यक्षसँगै अनुगमन गर्ने नगर प्रमुख कृष्ण पौडेलले बताउनु भयो ।
नेपाल परिवार दलले लकडाउनबाट प्रभावित कलैया उपमहानगरपालिका-५ का अति विपन्न ३० घर परिवारलाई राहत वितरण गरेको रामचन्द्र चौधरीले बताउनु भएको छ । मकै भुट्ने, चटपटे बेच्ने, ठेला चलाउनेलाई दुई किलोको दरले पिठो वितरण गरेको चौधरीले बताउनु भयो ।
सिम्रौनगढ नगरपालिका-१० देवापुर टेटा स्वास्थय चौकीका स्वास्थयकर्मीलाई स्थानीयबासीहरूले फूलमाला लगाएर सम्मान गरेको स्वास्थ्य चौकीका ईन्चार्ज रामचन्द्र यादवले बताउनु भएको छ । स्वास्थ्यकर्मी रत्नकुमार झा, पुष्पा कर्ण, संगिता साह, मुक्तिप्रसाद यादव, पपु कुमार, सुरेन्द्र साह, रजलि देवी पासवानलाई स्थानीयबासीले फुलमाला लगाएर स्वागत गरेको यादवले बताउनु भयो ।
लकडाउनको समयमा सबैको घर घरमा पुगेर थर्मल गनको सहायताले चेकजाँच गरेकोमा स्वास्थयकर्मीहरूलाई फूलमाला लगाएर स्वागत गरेको समाजसेवी बृजकिशोर साहले बताउनु भयो ।
सुवर्ण गाउँपालिकाको क्वारेन्टाइनमा बसेका १८ वर्षीय सद्दाम अंसारी १७ दिन अगाडी पटनाबाट महागढीमाई नपा-११ मधुरी जब्दी घरजानका लागि आएकोमा स्थानीय सरकारले क्वारेन्टाइनमा राखेको अंसारीले बताउनु भयो । क्वारेन्टाइनमा खानेपानी खान नपाएको, आलुको तरकारी मात्र खान दिएको, ६

जनालाई ५० ग्राम चना र १ सय ग्राम भुजा दिने गरेकाले आफुहरू भोकै भएकाले इन्सेक कार्यालयका तर्फबाट अनुगमन गर्न र गाउँपलिका अध्यक्ष महेन्द्र राय यादवलाई खाना, पानी र शौचालयको व्यवस्था मिलाउनका लागि पहल गरिदिन जिल्ला प्रतिनिधि भोलानाथ पौडेललाई फोन गरेर अनुरोध गर्नु भएको छ ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसी लामिछाने**का अनुसार नेपालमा पहिलो पटक दुई महिने शिशुमा पनि कोरोना सङ्क्रमण पुष्टि भएको छ । बीरगंजमा दुई महिने शिशुसहित एकै परिवारका १७ जनामा कोरोना सङ्क्रमण देखिएको हो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले वैशाख २४ गते सो सङ्क्रमणको पुष्टि भएको जनाएको छ । यसअघि नेपालगञ्जमा सात वर्षे बालिकामा कोरोना भाइरस सङ्क्रमण देखिएको थियो ।

शिशुलाई कोबाट कोरोना सरेको हो भन्ने पत्ता लागेको छैन । सङ्क्रमित सबैलाई आइसोलेशनमा राखिएको छ ।

वैशाख १७ गते बीरगंज मनपा-३ छपकैयास्थित त्यही परिवारका ३६ वर्षीय पुरुषलाई कोरोनाको सङ्क्रमण पुष्टि भएको थियो । त्यसपछि परिवारका सदस्य र उनको सम्पर्कमा आएकाहरूको परीक्षण गरिएको थियो । त्यसक्रममा उनको परिवारका सबै सदस्यको रिपोर्ट पोजेटिभ आएको नारायणी अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. मदन उपाध्यायले जानकारी दिनु भयो ।

थपिएकाहरूको उमेर शिशुहरूको उमेर दुई महिना र ६ महिना गरी दुई जना, बालकहरूको उमेर तीन वर्ष, नौं वर्ष, १२ वर्ष, १३ वर्ष र १४ वर्ष गरी पाँच जना, महिलाहरूको उमेर ३५ वर्ष, ४२ वर्ष, ४४ वर्ष, ६२ वर्ष र ६६ वर्ष गरी पाँच जना र बाँकी पुरुष पाँच जना गरी जम्मा १७ जना एकै परिवारका रहेका छन् ।

बीरगंजमा एकै परिवारका १७ जनामा कोरोना भाइरसको सङ्क्रमण देखा परेपछिको अवस्थामा चाल्नु पर्ने कदमका विषयमा बसेको जिल्ला सुरक्षा समितिको वैशाख २४ गते बसेको बैठकले छपकैया क्षेत्रलाई शिल गर्ने निर्णय गरेको छ । पर्साका प्रमुख जिल्ला अधिकारी बिष्णुप्रसाद कार्कीको अध्यक्षतामा भएको जिल्ला सुरक्षा समितिको बैठकले १७ जनालाई कोभिड-१९ पोजेटिभ देखिए पछिको अवस्थाको विश्लेषण गरेर छपकैया क्षेत्र शिल गर्ने निर्णय गरेको हो ।

कोभिड-१९ को सङ्क्रमण फैलनबाट रोक्न पूर्वमा रजत जयन्ती चोक, इदगाह चोक, छपकैया बिट चोक, मालपोत चोक, पश्चिममा छपकैया बजार चोक, सर्सिया पुल चोक, सिर्सिया भन्सार, उत्तरतर्फ एम बि एस स्कूल, पानी ट्याङ्की चोक, मुक्तिसुधार केन्द्र, बहिपुल, दक्षिणतर्फ बीरगंज मनपा-१ र २ का मित्र राष्ट्र भारतसँग सीमा जोडिएका सीमा क्षेत्र सहित वडा नम्बर १, २ र ३ का ईलाकाहरू समेटिने गरी सिलबन्दी गर्ने निर्णय गरेको छ ।

बैठकले कोभिड-१९ पोजेटिभ देखिएका व्यक्तिहरुको सम्पर्कमा आएका सबै व्यक्तिहरूको शीघ्र कन्ट्याक्ट ट्रेसिङ्ग गरी सम्पर्क भएका व्यक्तिहरूको पहिचान तथा चेकजाँचको कामलाई तीब्रता दिने पनि निर्णय गरेको छ ।

त्यसैगरि, पावर हाउस चोकदेखि रजत जयन्ती चोकसम्मको सडकमा बिहान पाँच बजेदेखि साँझ साढे सात बजेसम्म एम्बुलेन्स, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी ओसार पसार गर्ने, अस्पतालका सवारी साधन र अत्यावश्यक अवस्थामा जिल्ला प्रशासन कार्यालयले पास जारी गरेका बाहेकका अन्य सबै प्रकारका सवारी साधनहरू (साइकल, मोटरसाइकल, टेम्पो, रिक्सा, बयलगाडा, टांगा, बस, ट्रक, ट्रिपर, ट्याक्टर सञ्चालनमा रोक लगाउने निर्णय बैठकले गरेको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी ललितकुमार बस्नेतले बताउनु भएको छ ।

बैठकले कृषि उत्पादन, खाद्यान्न तथा अन्य वस्तुहरूको ढुवानी यस पूर्व गरेको निर्णय अनुसार नै गर्न दिने र यसको लागि पासको आवश्यकता नपर्ने निर्णय गरेको छ । औषधी उपचार, खाद्यवस्तु खरिदजस्ता अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर निस्कन निषेध गर्ने निर्णय गरेको छ । जिल्ला सुरक्षा समितिले गरेको निर्णयहरू पालना गर्न सबैलाई आग्रह गरिएको छ ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**